लिखु पिके गाउँपालिका
Likhu Pike Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
चौलाखर्क, सोलुखुम्बु
Chaulakharka, Solukhumbu
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या (Letter No): २०८३।०८४

### पालिका-गान रचना पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना।

(प्रथम पटक प्रकाशित मिति -२०८३/०६/०१)

यस प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व २०८३/०८४ को स्विकृत बार्षिक कार्यक्रम अनुसार पालिका गान तयार गर्नु पर्ने भएकोले देहायको शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात् मिति २०८३/०६/१५ गते कार्यालय समय भित्र गाउँपालिका कार्यालयमा व्यक्तिगत रुपमा पालिका-गानको रचना पेश गर्नु हुन इच्छुक सबै नेपाली सर्जकहरु (गीतकार र रचनाकार)हरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. लिखु पिके गाउँपालिकाको नाम अनिवार्य समावेश हुनु पर्नेछ ।
२. लिखु पिके गाउँपालिका, सोलुखुम्बुको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, भाषिक, साँस्कृतिक तथा पर्यटकीय मौलिक विशिष्टता झल्किने गरी **पालिका-गान** तयार गर्नु पर्नेछ ।
३. **पालिका-गान** देवनागरी लिपीमा बढीमा ४० देखि ६० शब्द (१३० देखि १६० अक्षर) भएको हुनु पर्नेछ।
४. **पालिका-गानमा** मौलिक बिशिष्टता झल्कने गरी नेपाली भाषामा र सरलयोग्य हुनु पर्नेछ ।
५. **पालिका-गान** रचनामा प्रयोग भएका शब्दहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।
६. कुनै पनि जातीय विभेद, सामाजिक सद्भाव, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत वा शब्द प्रयोग गर्न पाइने छैन ।
७. **पालिका-गान** छनौटको अधिकार **पालिका-गान** छनौट समितिमा रहने छ र छनौट भएको रचनामा **पालिका-गान** छनौट समितिले आवश्यक परिमार्जन गर्न सक्नेछ ।
८. **पालिका गान** छनौट समितिले छनौट गरेको रचना **पालिका-गानको** रुपमा स्वीकृत सम्बन्धी अन्तिम अधिकार लिखु पिके गाउँ कार्यपालिकामा रहनेछ ।
९. स्वीकृत **पालिका-गानको** सर्वाधिकार लिखु पिके गाउँपालिकामा रहनेछ
१०. रचनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन ।
११. छनौट भएको रचनाको रचनाकारलाई कदरपत्र सहित नगद रु ५०,०००/- (अक्षरुपी पचास हजार रुपैया मात्र) नियमानुसार करकट्टी गरी पुरस्कार प्रदान गरिनेछ ।
१२. **पालिका-गानको** रचना शिलबन्दी गरी गाउँपालिका कार्यालयमा तोकिएको समय भित्र दर्ता गर्नु पर्नेछ ।
१३. **पालिका-गानको** रचना पेश गर्दा रचनाकारको नामथर, ठेगाना सम्पर्क नम्बर र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा समावेश गर्नुपर्ने छ ।

विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

E-mail:- likhupikerm@gmail.com , info@likhupikemun.gov.np
Web:- www.likhupikemun.gov.np